सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।



♦ वर्ष ९ ♦ अंक २९५ ♦ २०८३ साल असार २७ शनिवार ♦ 11 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


# मधेश प्रदेशको बजेट चार सातादेखि अलपत्र, सहमति नभए अध्यादेशको तयारी

**खबर दर्पण समाचारदाता**

**असार २६ गते, बर्दिवास**

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि मधेश प्रदेश सरकारले प्रस्तुत गरेको बजेट सार्वजनिक भएको करिब चार साता बित्न लाग्दा पनि पारित प्रक्रियाले गति लिन सकेको छैन। सत्ता र प्रतिपक्षबीच सहमति जुट्न नसक्दा असार १४ गतेदेखि प्रदेश सभाको बैठक निरन्तर अवरुद्ध रहँदा बजेटमाथिको छलफलसमेत अघि बढ्न सकेको छैन।



मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले ल्याएको बजेट अर्थमन्त्री युवराज भट्टराईले प्रदेश सभामा प्रस्तुत गरेका थिए। तर, बजेटमाथिको छलफल सुरु हुनासाथ प्रतिपक्षी दलहरूले विरोध जनाएपछि प्रदेश सभाको बैठक पटक-पटक स्थगित हुँदै आएको छ।

प्रदेशमा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपाको समर्थनमा सरकार सञ्चालन भइरहेको छ। प्रतिपक्षमा रहेका जनता समाजवादी पार्टी (नेपाल), जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले भने बजेट तथा सरकारको नीति-कार्यक्रमप्रति असन्तुष्टि जनाउँदै सदन अवरुद्ध गर्दै आएका छन्।

प्रतिपक्षी दलहरूले प्रदेश लोक सेवा आयोग र जनलोकपालमा गरिएको नियुक्ति खारेज गर्नुपर्ने तथा बजेट मन्त्री-केन्द्रित रहेको

*बाँकी पृष्ठ ३ मा*

# मधेश प्रदेशमा ५६.३१ प्रतिशत बजेट खर्च, स्वास्थ्य मन्त्रालय पहिलो

**खबर दर्पण समाचारदाता**

**असार २६ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ मा विनियोजित कुल बजेटको ५६.३१ प्रतिशत मात्रै खर्च गरेको छ। प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयका अनुसार चालु र पुँजीगत दुवैतर्फ गरी विनियोजित ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँमध्ये २६ अर्ब ४५ करोड ६७ लाख ४७ हजार ९ रुपैयाँ खर्च भएको हो।

कार्यालयका अनुसार चालुतर्फ ६०.६९ प्रतिशत र पुँजीगततर्फ ५४.१२ प्रतिशत बजेट खर्च भएको छ।

चालु खर्चका लागि विनियोजित १५ अर्ब ६३ करोड ८२ लाख २१ हजार ८२० रुपैयाँमध्ये ९ अर्ब ४९ करोड १५ लाख ९८ हजार ९०० रुपैयाँ खर्च भएको छ। त्यस्तै, पुँजीगततर्फ विनियोजित ३१ अर्ब ३४ करोड ५१ लाख २९ हजार १८० रुपैयाँमध्ये १६ अर्ब ९६ करोड ५१ लाख ४८ हजार १०९ रुपैयाँ खर्च भएको प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ।

संवैधानिक निकायतर्फ प्रदेश सभाले कुल ६८.६० प्रतिशत बजेट खर्च गरेको छ। प्रदेश सभाले चालुतर्फ ६८.४२ प्रतिशत र पुँजीगततर्फ ३७.३९ प्रतिशत बजेट खर्च गरेको छ। यस्तै, प्रदेश लोक सेवा आयोगले कुल ६५.६० प्रतिशत बजेट खर्च गरेको छ।

मन्त्रालयगत खर्चको विवरणअनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सबैभन्दा बढी बजेट खर्च गर्ने मन्त्रालय बनेको छ। मन्त्रालयले विनियोजित बजेटको ७१.४५ प्रतिशत खर्च गरेको छ। स्वास्थ्य मन्त्रालयका लागि ६ अर्ब ९ करोड ९५ लाख ७० हजार ४४२ रुपैयाँ बजेट विनियोजन गरिएकोमा ४ अर्ब ३५ करोड ८० लाख २३ हजार ९५५ रुपैयाँ खर्च भएको छ।

त्यसपछि शिक्षा तथा संस्कृति मन्त्रालयले ६७.८८ प्रतिशत, अर्थ मन्त्रालयले ६५.६८ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले ६३.७६ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले ५८.६७ प्रतिशत तथा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले ५१ प्रतिशत बजेट खर्च गरेका छन्। त्यस्तै, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ४७.८७ प्रतिशत, गृह, सञ्चार तथा कानुन मन्त्रालयले ४८.९२ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयले ४९.९१ प्रतिशत तथा ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले ४०.६५ प्रतिशत बजेट खर्च गरेका छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भने सबैभन्दा कम





बजेट खर्च गर्ने निकाय बनेको छ। उक्त कार्यालयले आर्थिक वर्षभरि विनियोजित बजेटको ३६.०६ प्रतिशत मात्रै खर्च गर्न सकेको तथ्यांकले देखाएको छ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमा कुल बजेटको आधाभन्दा केही बढी मात्रै खर्च गर्न सकेकाले विशेषगरी विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्च अपेक्षाअनुसार हुन नसकेको देखिएको छ। प्रदेशको विकास गति र बजेट कार्यान्वयन क्षमता सुधार गर्न आगामी वर्ष प्रभावकारी योजना कार्यान्वयन तथा खर्च व्यवस्थापनमा थप ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ।


शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, [illegible]तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# “मौनताबाट नेतृत्वसम्म: नगराईनका महिलाको आवाजले बदलियो स्थानीय शासन”

**खबर दर्पण समाचारदाता**

**असार २६ गते, जनकपुरधाम**

धनुषा जिल्लाको नगराईन नगर पालिका वडा नं. १ र २ मा सञ्चालन भएको “लैङ्गिक समानताका लागि सामाजिक जवाफदेहिता परियोजना” ले स्थानीय महिलाको जीवनमा उल्लेखनीय परिवर्तन ल्याएको छ। युरोपियन युनियनको आर्थिक सहयोग, नेपाल सरकारसँगको सहकार्य तथा संयुक्त राष्ट्रसंघ महिला कार्यक्रम (UN Women) को प्राविधिक सहयोगमा “सशक्त महिला, समृद्ध नेपाल” अभियान अन्तर्गत सञ्चालित यस परियोजना प्रो पब्लिक र प्रो. पब्लिकको मातहतमा निड्स नेपाल तथा सुशासन प्रवर्द्धनका लागि युवा संस्थाद्वारा कार्यान्वयन गरिएको हो। यस परियोजनाले गठन गरेको नागरिक सञ्जालले विशेषगरी महिलाहरूलाई आफ्नो हक-अधिकारबारे सचेत बनाउनुका साथै स्थानीय सरकारसँग प्रत्यक्ष संवाद गर्ने आत्मविश्वास पनि दिएको छ।

नगराईन-२ नागरिक सञ्जालकी अध्यक्ष सुनैना देवी मण्डल भन्छिन्, “पहिले राम्रोसँग बोल्न, प्रश्न सोध्न वा आफ्नो कुरा राख्न निकै डर लाग्थ्यो। दस जनाको अगाडि बोल्न सक्दिनथैं। तर सञ्जालमा आबद्ध भएपछि अहिले निर्धक्क भएर आफ्नो अधिकारका विषयमा वडा र पालिकामा कुरा राख्न सक्छु।” संजालले दिएको तालिम र नियमित दुई मासिक बैठकमा महिला अधिकार, दलित तथा पिछाडी पारिएका समुदायको लागि विभिन्न विषयमा छलफल र जान्ने बुझ्ने मौका पाउने गरेका छौं, मण्डलले भनिन्।

त्यसैगरी सञ्जालकी सदस्य गीता सदा का अनुसार, पहिले दलित अधिकार, महिलाका लागि उपलब्ध सेवा-सुविधा, बजेट तथा कार्यक्रमबारे कुनै जानकारी थिएन। अहिले भने उनी वडा र पालिकामा पुगेर दलित तथा महिलाका लागि आवश्यक कार्यक्रम, बजेट र सेवाको माग गर्न सक्ने भएकी छन्।

नगराईन-१ नागरिक सञ्जालकी अध्यक्ष गिरजा देवी ठाकुर ले पनि परियोजनाले आफूहरूलाई अज्ञानताबाट सचेतनातर्फ डोऱ्याएको बताउँछिन्। उनका अनुसार, “हामीले आफ्नो अधिकार का बारेमा बुझ्न पायौं। अहिले पालिकामा गएर आफ्नो अधिकार का लागि खुलेर आवाज उठाउन सक्छौं।”

परियोजनाले महिलाको क्षमता विकाससँगै स्थानीय सरकार र नागरिकबीचको सम्बन्धलाई पनि थप सुदृढ बनाएको छ।

वडा नं. १ का अध्यक्ष सिताराम महतो ले सञ्जाललाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै नयाँ आर्थिक वर्षमा क्षमता अभिवृद्धि तथा सीप विकास तालिमका लागि बजेटसमेत विनियोजन गरिएको जानकारी दिएका छन्।

नगराईन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुधिर कुमार साह का अनुसार, पहिले बोल्न अप्ठ्यारो मान्ने महिलाहरू अहिले मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षसँग आफ्ना हक-अधिकारका विषयमा खुलेर प्रश्न गर्न थालेका छन्। यसले स्थानीय सरकारलाई पनि थप जिम्मेवार, पारदर्शी र समयमै सेवा प्रवाह गर्न प्रेरित गरेको छ।

नगर प्रमुख बिनय यादव ले पनि परियोजनाको प्रभावलाई सकारात्मक रूपमा स्वीकार गर्दै सार्वजनिक सुनुवाइमा महिलाले उठाएका मागलाई आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा समेटिएको बताए।



महिलामाथि हुने हिंसा न्यूनीकरण, महिला सशक्तीकरण, सीप विकास, रोजगारी सिर्जना तथा आर्थिक सुदृढीकरणका कार्यक्रमहरू सञ्जालको माग र सार्वजनिक प्रतिबद्धताअनुसार बजेटमा समावेश गरिएको उनले उल्लेख गरे।

नगराईनका महिलाहरूको यो परिवर्तनले देखाएको छ कि सही सूचना, अवसर र सामूहिक सहभागिताले समुदायमा ठूलो परिवर्तन सम्भव हुन्छ। एक समय बोल्न हिच्किचाउने महिलाहरू आज आफ्ना अधिकारका लागि निडर भएर आवाज उठाइरहेका छन्, स्थानीय सरकारलाई जवाफदेही बनाइरहेका छन् र विकास प्रक्रियामा सक्रिय साझेदार बनेका छन्।

यही नै यस परियोजनाको सबैभन्दा ठूलो सफलता हो–महिलाको आत्मविश्वास, नागरिक सहभागिता र जवाफदेही स्थानीय शासनको सुदृढीकरण।

# आत्मविश्वासतर्फ महिलाको यात्रा

**खबर दर्पण समाचारदाता**

**असार २६ गते, जनकपुरधाम**

“पहिले घरबाट बाहिर निस्कन पनि डर लाग्थ्यो, अहिले वडा कार्यालयदेखि सार्वजनिक सुनुवाइसम्म निर्धक्क भएर आफ्ना कुरा राख्न सक्छौं।” सिरहा-६ की कोमल पासवानको यो भनाइ केवल व्यक्तिगत परिवर्तनको कथा होइन, समुदायका धेरै महिलाले भोगिरहेको सामाजिक रूपान्तरणको प्रतिबिम्ब हो।

युरोपियन युनियनको आर्थिक सहयोग, नेपाल सरकारसँगको सहकार्य तथा संयुक्त राष्ट्रसंघीय महिला कार्यक्रम (यूएन वुमेन) को प्राविधिक सहयोगमा सञ्चालित ‘लैङ्गिक समानताका लागि सामाजिक जवाफदेहिता परियोजना’ ले सिरहा नगरपालिका वडा नं. १ र ६ का महिलामा आत्मविश्वास, नेतृत्व क्षमता र अधिकारप्रतिको चेतना अभिवृद्धि गर्दै स्थानीय शासनमा उनीहरूको सहभागितालाई नयाँ उचाइ दिएको छ। प्रो पब्लिकको नेतृत्वमा निड्स नेपाल र सुशासन प्रवर्द्धनका लागि युवा संस्थाले कार्यान्वयन गरिरहेको यस परियोजनाअन्तर्गत गठन गरिएका नागरिक सञ्जाल आज महिलाको सशक्तीकरणका प्रभावकारी माध्यम बनेका छन्।

सिरहा-६ नागरिक सञ्जालकी अध्यक्ष अनिता दासका अनुसार सञ्जालको विशेषता भनेको समाजका सबै सिमान्तकृत समुदायका महिलालाई एउटै मञ्चमा जोड्नु हो। सञ्जालमा आबद्ध भएपछि उहाँले आफ्ना अधिकार, जिम्मेवारी र स्थानीय सरकारसँग कसरी संवाद गर्ने भन्ने विषयमा स्पष्ट जानकारी प्राप्त गर्नुभयो। घरपरिवारमा सीमित रहने उहाँ अहिले वडा कार्यालय, सरकारी तथा गैरसरकारी कार्यक्रम र सार्वजनिक छलफलमा सक्रिय सहभागिता जनाउनुहुन्छ। समुदायका समस्यामा स्थानीयवासीले उहाँसँग परामर्श लिन थालेका छन् भने वडा कार्यालयले समेत नियमित रूपमा बैठकमा आमन्त्रण गर्ने गरेको छ।

कोमल पासवानका लागि नागरिक सञ्जाल जीवन परिवर्तन गर्ने अवसर बनेको छ। पहिले अपरिचितसँग बोल्नसमेत हिच्किचाउने उहाँ अहिले वडा अध्यक्ष र जनप्रतिनिधिसँग समुदायका समस्या निर्धक्क रूपमा उठाउनुहुन्छ। नगरपालिकाबाट पहिलो पटक सूचना माग गर्ने अनुभवले उहाँलाई नागरिकको सूचना पाउने अधिकारबारे थप सचेत बनाएको छ। परिवारको विश्वास बढेसँगै जिल्ला बाहिरका कार्यक्रममा सहभागी हुने अवसर समेत प्राप्त भएको छ। गाउँका विभिन्न कार्यक्रममा निम्तो आउन थालेपछि आफूले समाजमा सम्मान र पहिचान दुवै पाएको उहाँको अनुभव छ।

सञ्जालकी अर्की सदस्य पुनिता महरा पनि परियोजनाले आफूमा उल्लेखनीय परिवर्तन आएको बताउनुहुन्छ। सार्वजनिक सुनुवाइमा समुदायका सवाल उठाउने, सूचना माग गर्ने र वडा कार्यालयका बैठकमा सहभागी हुने अभ्यासले उहाँको आत्मविश्वास र नेतृत्व क्षमता दुवै बढाएको छ।



सिरहा-१ नागरिक सञ्जालकी अध्यक्ष मञ्जु दासका अनुसार सञ्जालले महिलालाई आफ्ना अधिकार बुझ्ने मात्र होइन, विभिन्न संघसंस्थासँग सहकार्य गर्ने र अनुभव आदानप्रदान गर्ने अवसर पनि प्रदान गरेको छ। जनकपुर सम्म पुगेर सिकाइ साटासाट गर्ने अवसरले महिलामा अझ ठूलो आत्मविश्वास थपिएको उहाँ बताउनुहुन्छ। आगामी दिनमा क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिमलाई निरन्तरता दिनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो। परियोजनाको प्रभाव समुदायका महिलामा मात्र सीमित छैन।

सिरहा-६ का वडा अध्यक्ष इन्द्रजित गोठियाका अनुसार नागरिक सञ्जाल स्थानीय सरकारको महत्वपूर्ण सहयात्री बनेको छ। हिंसासम्बन्धी घटना व्यवस्थापनदेखि सार्वजनिक सुनुवाइ सञ्चालन र सेवा प्रवाहको निगरानीसम्म सञ्जालले सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। सूचना उपलब्ध गराउने, लैङ्गिकमैत्री बजेट निर्माण गर्ने र स्थानीय सरकारलाई थप जवाफदेही बनाउने कार्यमा सञ्जालको योगदान महत्वपूर्ण रहेको उहाँको भनाइ छ।

सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तुफाले पनि नागरिक सञ्जालको सक्रियताले स्थानीय शासनलाई थप प्रभावकारी बनाएको बताउनुभयो। सार्वजनिक सुनुवाइमा गरिएका प्रतिबद्धताअनुसार लैङ्गिकमैत्री बजेट कार्यान्वयन तथा परियोजनाबाट सुरु भएका सकारात्मक अभ्यासलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो।

सिरहाका महिलाको यो यात्रा मौनताबाट आत्मविश्वासतर्फको मात्र होइन, नागरिकबाट जिम्मेवार नेतृत्वतर्फको यात्रा पनि हो। नागरिक सञ्जालले महिलालाई आफ्ना अधिकारका विषयमा सचेत बनाउनुका साथै स्थानीय सरकारसँग सहकार्य गर्ने, प्रश्न गर्ने र विकास प्रक्रियामा सक्रिय सहभागी बन्ने अवसर दिएको छ। यही परिवर्तनले स्थानीय शासनलाई थप समावेशी, पारदर्शी र जवाफदेही बनाउँदै सामाजिक रूपान्तरणको नयाँ आधार तयार गरिरहेको छ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश प्रदेशको बजेट....

भन्दै त्यसको पुनर्लेखन गर्नुपर्ने माग राखेका छन्। पूर्वमुख्यमन्त्री तथा जसपा नेपालका नेता लालबाबु राउतले सरकारले आर्थिक अनियमिततालाई संस्थागत गर्ने उद्देश्यले बजेट ल्याएको आरोप लगाएका छन्। उनका अनुसार बजेट विकासको आवश्यकता भन्दा पनि सीमित समूहको स्वार्थ र आर्थिक चलखेललाई केन्द्रमा राखेर तयार गरिएको छ।

प्रतिपक्षले सरकारले उपभोक्ता समितिमुखी बजेट नियन्त्रण गर्ने दाबी गरे पनि व्यवहारमा कमिसनमुखी बजेट ल्याएको आरोप लगाएको छ। मुख्यमन्त्री तथा मन्त्रीहरूले आफ्ना निर्वाचन क्षेत्रलाई प्राथमिकता दिँदै योजना समावेश गरेको, एक करोड रुपैयाँभन्दा कमका योजना नराख्ने प्रतिबद्धता जनाए पनि एउटै सिफारिसमा धेरै साना योजना समेटेर जनतालाई भ्रममा पार्ने प्रयास गरिएको उनीहरूको आरोप छ।

जसपा नेपालका सांसद तथा पूर्वअर्थमन्त्री संजय यादवले विशेष अनुदानअन्तर्गत मधेश प्रदेशका १३६ वटै स्थानीय तहमा एउटै प्रकृतिको पोषण कार्यक्रम समावेश गरिएको विषयमा पनि प्रश्न उठाएका छन्। उनका अनुसार पोषण सामग्री वितरणका लागि छुट्याइएको १२ करोड ४० लाख रुपैयाँ योजनागत आवश्यकताका आधारमा नभई सेटिङ र स्वार्थका आधारमा सबै स्थानीय तहमा बाँडिएको हो।

यता, सत्तापक्षले भने बजेट सबै राजनीतिक दल तथा सरोकारवालासँग छलफल गरेर ल्याइएको दाबी गरेको छ। सरकारका अनुसार केही प्रतिपक्षी दल आफ्ना निर्वाचन क्षेत्रमा योजना समावेश नभएको असन्तुष्टि र उपभोक्ता समितिमार्फत पुरानै अभ्यासलाई निरन्तरता दिन दबाब सिर्जना गर्ने उद्देश्यले सदन अवरुद्ध गरिरहेका छन्।

अर्थमन्त्री युवराज भट्टराईले संवादमार्फत विवाद समाधान गर्ने प्रयास जारी रहेको बताएका छन्। आवश्यक परे कुन दल वा नेताले कुन योजना माग गरेका थिए भन्ने विवरणसमेत सार्वजनिक गर्न सरकार तयार रहेको उल्लेख गर्दै उनले आवश्यक सुधारका लागि सरकार सकारात्मक रहेको बताए। मधेश प्रदेशमा बजेट पारितका क्रममा विगतमा पनि राजनीतिक विवाद हुने गरेका थिए। तर, यसपटक करिब चार सातादेखि जारी गतिरोधले बजेट पारित प्रक्रिया मात्रै नभई आगामी आर्थिक वर्षका विकास आयोजना, सरकारी कार्यक्रम तथा वित्तीय व्यवस्थापनसमेत प्रभावित हुने चिन्ता बढाएको छ।

यसैबीच, राजनीतिक सहमति जुट्न नसके प्रदेश सरकारले अध्यादेशमार्फत आर्थिक तथा प्रशासनिक कार्य अघि बढाउने तयारी गरेको स्रोतको दाबी छ। स्रोतका अनुसार प्रतिपक्षलाई सहमतिमा ल्याउने प्रयास जारी रहे पनि सहमति हुन नसके अध्यादेशमार्फत बजेट कार्यान्वयन गर्ने विकल्पमा सरकार अघि बढ्ने तयारीमा रहेको छ। यससम्बन्धी प्रारम्भिक खाका समेत तयार भइसकेको स्रोतले जनाएको छ। यद्यपि, सरकारले यसबारे औपचारिक धारणा सार्वजनिक गरेको छैन।

# पत्रकारिता पुरस्कार र पत्रकार कल्याण कोष सञ्चालनको तयारीमा मधेश मिडिया काउन्सिल




खबर दर्पण समाचारदाता

**असार २६ गते, बर्दिवास**

मधेश प्रदेशमा क्रियाशील पत्रकारलाई सम्मान, प्रोत्साहन तथा उनीहरूको हित संरक्षण गर्ने उद्देश्यले तयार गरिएका तीनवटा महत्त्वपूर्ण कार्यविधिमाथि मधेश प्रदेश मिडिया काउन्सिलले प्रदेशभरिका पत्रकारसँग छलफल गरेको छ ।

शुक्रबार धनुषाको मिथिला बिहारीस्थित कल्चरल भिलेजमा आयोजित कार्यक्रममा 'मिडिया काउन्सिल पत्रकारिता पुरस्कार कार्यविधि-२०८३', 'पत्रकार कल्याण कोष सञ्चालन कार्यविधि-२०८३' र 'आमसञ्चार माध्यमको श्रेणी विभाजन सम्बन्धी कार्यविधि-२०८३' को मस्यौदामाथि सुझाव संकलन गरिएको हो ।

काउन्सिलले प्रदेशमा क्रियाशील पत्रकारलाई विभिन्न चार विधामा पुरस्कृत गर्ने तथा दुर्घटना, बिरामी वा अन्य आपतकालीन अवस्थामा आर्थिक सहयोग उपलब्ध गराउन पत्रकार कल्याण कोष स्थापना गर्ने तयारी गरेको जनाएको छ ।

कार्यक्रममा सहभागी पत्रकारहरूले दुवै कार्यविधिको स्वागत गर्दै आवश्यक सामान्य संशोधनपछि शीघ्र कार्यान्वयनमा लैजान सुझाव दिएका थिए ।

यद्यपि, आमसञ्चार माध्यमको श्रेणी विभाजनसम्बन्धी कार्यविधिलाई थप परिमार्जन आवश्यक रहेको भन्दै त्यस विषयमा व्यापक छलफल गर्नुपर्ने धारणा सहभागीहरूले राखेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले पत्रकारहरूको सुझावलाई समेटेर कार्यविधिलाई परिमार्जनसहित कार्यान्वयनमा ल्याउन आग्रह गरे ।

उनले प्रदेश सरकार पत्रकारहरूको पेशागत विकास र हितका लागि आवश्यक सहयोग गर्न प्रतिबद्ध रहेको बताए ।

मिडिया काउन्सिलकी कार्यवाहक अध्यक्ष बन्दना झाले छलफलका क्रममा प्राप्त सुझावलाई समावेश गर्दै कार्यविधिलाई अन्तिम रूप दिएर पारित गर्ने तयारी भइरहेको जानकारी दिइन् ।

छलफलमा आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खडगा, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सचिव हदिस खुदार, केन्द्रीय सदस्य राजेश कुमार कर्ण, राजु परियार, केन्द्रीय परिषद् सदस्य अजय कुमार झा तथा गोरखापत्रका मधेश प्रदेश संयोजक धवेन्द्र झा लगायतले कार्यविधिका विभिन्न पक्षमा सुझाव दिएका थिए ।

## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चटयाङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

रामगोपालपुर नगरपालिका, महोत्तरी

# धनुषामा ५२ फरार प्रतिवादी पक्राउ




**खबर दर्पण समाचारदाता**

**असार २६ गते, बर्दिवास**

धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय सुनाइएपछि लामो समयदेखि फरार रहेका ५२ जना प्रतिवादीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत खटिएको प्रहरी टोलीले फरार प्रतिवादीहरूको खोजतलास गरी पक्राउ गरेको हो ।

पक्राउ परेका सबैलाई आवश्यक कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये कुटपिट, कुटपिट तथा लुटपाट, चोरी, लुटपाट, बालविवाह, बोक्सीको आरोप, नागरिकता किर्ते, सवारी ज्यान, सवारी अंगभंग, जालसाजी, लागूऔषध, चेक अनादर, गालीबेइज्जती तथा लेनदेनसम्बन्धी मुद्दाका फरार प्रतिवादी रहेका छन् ।

उनीहरूमध्ये केहीलाई १५ दिनदेखि २ वर्ष ३ महिनासम्म कैद सजाय तोकिएको थियो भने अन्यलाई विभिन्न रकमको जरिवाना मात्रै तोकिएको थियो । जरिवानाको रकम ३०० रुपैयाँदेखि २ लाख ५० हजार रुपैयाँसम्म रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतको फैसला कार्यान्वयनलाई प्राथमिकतामा राख्दै फरार प्रतिवादी पक्राउ अभियानलाई निरन्तरता दिइने जनाएको छ ।

साथै अदालतको फैसला कार्यान्वयनबाट कानुनी शासनलाई प्रभावकारी बनाउने र अपराध नियन्त्रणमा थप सहयोग पुग्ने विश्वास प्रहरीले व्यक्त गरेको छ ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!**

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

मिथिला नगरपालिका, धनुषा

# गणेश नेपालीको सम्झनामा जनकपुरधाममा दीप प्रज्वलन

**खबर दर्पण समाचारदाता**

**असार २६ गते, बर्दिवास**



काठमाडौंमा आत्मदाह गरेपछि उपचारका क्रममा निधन भएका गणेश नेपालीको स्मृतिमा जनकपुरधाममा श्रद्धाञ्जली सभा आयोजना गरिएको छ ।

जनक मन्दिर परिसरमा आयोजित कार्यक्रममा स्थानीय युवा तथा विभिन्न क्षेत्रका व्यक्तिहरूले दीप प्रज्वलन गर्दै दिवंगत नेपालीप्रति श्रद्धासुमन अर्पण गरेका हुन् ।

जनकपुरधाम-३ स्थित जनकचोकमा शुक्रबार साँझ सम्पन्न कार्यक्रममा सहभागीहरूले मौनधारण गर्दै नेपालीको आत्माको चिरशान्तिको कामना गरेका थिए । साथै, शोकसन्तप्त परिवार प्रति गहिरो समवेदना व्यक्त गरिएको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मानव अधिकार विभाग, मधेश प्रदेशका सभापति डा. रोबिन यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वक्ताहरूले नेपालीको निधनलाई दुःखद घटना भएको उल्लेख गर्दै नागरिकका समस्या र गुनासाहरूलाई समयमै सम्बोधन गर्न सम्बन्धित निकाय गम्भीर हुनुपर्ने धारणा राखेका थिए ।

श्रद्धाञ्जली कार्यक्रममा सहभागीहरूले हातमा क्यान्डल बोकेर दिवंगत नेपालीप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए ।

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०७११०७१०९ मा दर्ता भएको प्रा.लि.नं.१२७७१२ भएको होटल जन सम्पर्क (प्रा.ली.) को २०८३।०३।२५ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ कॄ दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

**लिक्विडेटर: गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८**

**कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ**

**सम्पर्क नम्वर:९८४९७१४८६७**

**सन्तुलित जनसंख्या: विकासको आधार**

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर–किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

**स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।**

औरही नगरपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,